# सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको
# ११ औं वार्षिक साधारण सभामा
# महासचिवद्वारा प्रस्तुत प्रतिवेदन

**सम्मानित सभाका अध्यक्षज्यू, पूर्ण सदस्य तथा एशोसिएट सदस्यज्यूहरु,** यस समाजको एघारौं वार्षिक साधारण सभामा महासचिवको हैसियतमा वार्षिक रुपमा भएका कार्यहरुको प्रतिवेदन पेश गर्न पाउँदा हर्षित छु ।

**पृष्ठभूमि**

२०६४ साल जेष्ठ २५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भई गीत संगीतको सार्वजनिक रुपमा प्रयोग भएवापत प्रयोगकर्ताहरुसँग रोयल्टी संकलन गरी कानूनले तोके अनुसारको हकदारलाई रोयल्टी वितरण गर्ने उद्देश्यले स्थापित सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल (MRCSN) प्रतिलिपि अधिकार ऐन २०५९ को दफा ३९ ले व्यवस्था गरेको कानूनी अधिकारलाई प्रयोग गरी प्रतिलिपि अधिकार नियमावली २०६१ ले व्यवस्था गरे अनुरुप गीत संगीतको सार्वजनिक प्रयोग भएवापत गीतकार र संगीतकारको रोयल्टी संकलन तथा वितरण कार्य गर्ने एक अविच्छिन्न, उत्तराधिकारवाला, संगठित स्वशासित गैरनाफामूलक संस्था हो ।

नेपालमा प्रतिलिपि अधिकार ऐनको कार्यान्वयनमा निकै कठिनाई व्यहोर्नु परिरहेको कुरा आम स्रष्टा जगतले मात्र होइन राज्य स्वयंले पनि महसुस गरिरहेको तपाई हामि सबैलाई थाहा नै छ । जबसम्म स्रष्टा र राज्य स्वयंले यस ऐनको कार्यान्वयनमा दह्रो र सक्रिय पाइला चाल्दैन, हाम्रा कदमहरु सशक्त बन्न सक्दैनन् भन्ने ठहर गरेपश्चात विगत केहि वर्षदेखि सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल "रोयल्टी संकलनमा राज्यको प्रत्यक्ष हस्तक्षेपकारी भूमिका" मार्फत, यस तर्फ राज्यलाई सक्रिय बनाउने, स्रष्टालाई सचेत बनाउने अभियानलाई पहिलो प्राथमिकतामा राखेर अगाडी बढिरहेको कुरा पनि यो सम्मानित सभालाई अवगत नै छ । आगामी दिनहरुमा यस अभियानलाई प्रभावकारी बनाउन बन्ने नयाँ कार्यसमिति अझ बढी सक्रिय रहने कुरा हामि आशा गर्दछौं । त्यसै अनुसार गीत संगीत सार्वजनिक रुपमा प्रयोग भए वापत सम्बन्धित सरोकार वाला पक्षसँग रोयल्टी संकलन गरी व्यवस्थित तरिकाले वितरण गर्न व्यवस्थापिका संसद विकास समितिको निर्देशन बमोजिम प्रधानमंत्री तथा मन्त्रिपरिषदको कार्यालयले मिति २०७३/०६/१९ को निर्णानुसार आवश्यक कार्ययोजना बनाई कार्यान्वयनको लागि सम्बन्धित निकायमा कार्यान्वयनको लागि पठाइसकिएको अवस्थामा त्यहि कार्ययोजना मुताविक विभिन्न क्षेत्रमा कार्यान्वयनको लागि जाँदा केहि कानुनी व्यवस्थामा सुधार गर्नुपर्ने देखा परेको छ । यसर्थ सम्बन्धित निकायहरुको सुझाव र सल्लाह अनुसार सम्बन्धित क्षेत्रमा गीत संगीतका प्रयोगकर्ताहरुलाई अनिवार्य रुपमा रोयल्टी तिरेको या तिर्न कबुलियत गरेको पत्र प्राप्त भएपछि मात्र नविकरण प्रक्रियालाई अगाडी बढाउन तत्तत क्षेत्रका नियमावलीहरुमा उक्त कुरा समावेश भएपछि मात्र कार्ययोजनामा उल्लेख भएका कुराहरु गर्न सहज हुने देखिएकोले रोयल्टी संकलनको लागि स्थापित संस्थाहरुको सक्रियतामा र यस समाजको नेतृत्वमा संशोधन गर्न आवश्यक ऐन तथा नियमावलीको तिन महले बनाई सो अनुरुप संशोधन गर्ने व्यवस्था मिलाउन प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यालयमा निवेदन पेश गरियो । सो निकायका तात्कालिन श्रीमान् सचिव चन्द्र कुमार घिमिरेज्यूको अध्यक्षतामा सम्बद्ध मंत्रालयका कानुनका सहसचिव एवं उपसचिव ज्यूहरुको उपस्थितिमा बैठक बसी, कार्यविधि र निर्देशिकामा संशोधन प्रकृया अगाडी बढाउन तत्कालै आवश्यक निर्णय गरी निर्देशन दिइएको व्यहोरा यहाँ प्रष्ट पार्न चाहन्छु । अब संशोधन हुने ऐन, नियमावली, कार्यविधि र निर्देशिकामा प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यालयले गरेको निर्णय बमोजिम तत्तत मंत्रालयहरुले आवश्यक संशोधन प्रक्रियालाई अगाडी बढाएको व्यहोरा जानकारी गराउँदछु । फलस्वरुप रोयल्टी संकलनको काममा तत्काले केहि सकारात्मक संकेत देखिएका छन् । विभिन्न रेडियो टेलिभिजनहरुले रोयल्टी तिर्न लाइसेन्सिङ्ग प्रक्रियामा सहमति हुनु, विभिन्न जिल्लाहरुमा मेला महोत्सव वा अन्य सांगीतिक कार्यक्रम हुँदा स्थानिय प्रशासनले सक्रियता देखाई रोयल्टीको दायरामा ल्याउन सहयोग गर्नु र कतिपय स्थानिय प्रशासनले रेष्टुरेण्टहरु नविकरण गर्न जाँदा सम्बन्धित रोयल्टी संस्थामा सम्पर्क गर्न लगाई रोयल्टीको दायरामा ल्याउन सहयोग गर्नु यसको ज्वलन्त उदाहरण मान्न सकिन्छ ।

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL
EST 2007

## सांगठनिक अवस्था

मिति २०६४/०२/२५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा विधिवत् रुपमा दर्ता भई कार्यान्वयनको अवस्थामा रहेको यस संस्थाको स्थापना कालमा रत्न सम्शेर थापा त्यसपछि क्रमशः यादव खरेल, श्रीपुरुष ढकाल र राजेन्द्र थापाको अध्यक्षतामा कार्यसमितिको गठन भएको थियो र मिति २०७३/०५/११ गते भएको साधारण सभाबाट सुरेश अधिकारीको अध्यक्षतामा ११ सदस्यिय कार्यसमितिको प्रजातान्त्रिक पद्दतिद्वारा निर्वाचित भई कार्य गरिरहेको व्यहोरा अनुरोध गर्दछु । कार्यालय व्यवस्थापन तर्फ प्रमुख व्यवस्थापक, जनसम्पर्क तथा सदस्यता विस्तार अधिकृत, लेखा तथा प्रशासनिक अधिकृत, लाइसेन्सिङ्ग अधिकृत, प्रशासकीय सहायक र १ कार्यालय सहयोगीको रुपमा रहेको जानकारी गराउँदछु । साथै देशका विभिन्न भू-भागमा रहेका यातायात कार्यालयमा ३० जना कर्मचारी करारमा नियूक्त गरिएको छ भने ३० वटै कार्यालय पनि खडा गरिएको छ । यस समाजको कार्यालय अनामनगर, काठमाण्डौमा अवस्थित छ र यस समाजमा हाल ६६ जना पूर्ण सदस्य र १४४२ जना एशोसिएट सदस्य गरी जम्मा १५०८ जना सदस्य रहेको जानकारी गराउँदछु ।

## २ वर्षे कार्यकालमा भएका उल्लेखनिय गतिविधिहरु :

हामिलाई आर्थिक सहयोग गरिरहेको संस्था नर्कोडबाट प्राप्त हुने अनुदान रकम कटौती हुँदै जानु तर हाम्रा गतिविधिहरुलाई अझ सशक्त र तिव्र पार्नुपर्ने जटिल आर्थिक विषम परिस्थिति बिच विगतका वर्षमा गर्दै आएका हाम्रा कयौं जनचेतनाका कार्यक्रमहरुलाई निरन्तरता दिँदै आर्थिक भारलाई कम गरिरहेको यो संस्थाले थोरै व्ययभारमा धेरै उपलब्धिमूलक कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढायो । यस समाजले आफ्नो नियमित क्रियाकलापका अतिरिक्त गरेका केहि उल्लेखनिय कार्यहरु यसप्रकार छन् :

**१) उजुरी तथा मुद्दा:** यस समाज विरुद्ध डिजिटेण्टमेण्ट प्रा.लि.ले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा गरेको उजुरीमा मिति २०७३/०६/१८ गते लिखित प्रतिक्रिया पठाएको र सुनुवाइमा पनि संस्थाको तर्फबाट उपस्थित भएकोमा मिति २०७३/०८/१० गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले उक्त उजुरीको सम्वन्धमा गरेको निर्णयमा चित्त नबुझी श्री काठमाडौं जिल्ला अदालतमा मिति २०७५/०७/१२ मा पून: इन्साफ फैसला गरेको छ । उक्त फैसलाको पूर्ण पाठ आउन बाँकी छ । त्यसैगरी बुढासुब्वा डिजिटल प्रा.लि.१, आर अडियो म्यूजिक इन्डष्ट्रिज प्रा.लि.१, कृष्ण फिल्मस् एण्ड एडभरटाइजिङ्ग १ र आशिष म्यूजिक प्रा.लि.१ समेत जम्मा ४ ले उत्प्रेषण समेत भनी यस समाज विरुद्ध २०७४/१०/२६ मा श्री उच्च अदालत पाटनमा चढाएको निवेदन मिति २०७५/०२/०२ मा खारेज भएको व्यहोरा यस सभालाई अजगत गराउँदछु ।

**२) प्रतिनिधि मण्डलको भ्रमण:** यस समाजलाई अनुदान उपलब्ध गराएको संस्था नर्कोडका प्रतिनिधिहरुले संस्थामा भएका गतिविधिहरुलाई अनुगमन र मुल्यांकन गर्ने प्रयोजनको लागि भ्रमण गऱ्यो । उक्त भ्रमण टोलीमा संलग्न प्रतिनिधिहरुले संस्थाले गरेको कार्यमा सन्तुष्ट भई अर्को वर्ष पनि सहयोग निरन्तरता राख्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**३) विशेष साधारण सभा:** मिति २०७३/०८/२१ गते समाजको कार्यालय अनामनगरमा विशेष साधारण सभा सम्पन्न भयो । उक्त साधारण सभाले रोयल्टी संकलन गरी वितरण गरेवापत प्राप्त हुने प्रशासनिक खर्च रकम १५ प्रतिशत बाट बृद्धि गरी २५ प्रतिशत पुऱ्याउने निर्णय गऱ्यो साथै डाटा उपलब्ध नभई प्राप्त भएको रोयल्टी रकमलाई वितरण गर्ने मापदण्ड निर्धारण गऱ्यो ।

**४) अन्तरक्रिया कार्यक्रम:**

- २०७३/११/०५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय द्वारा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सक्रिय रुपमा सहभागी भई राय पेश गरेको ।

- २०७४/०१/१३ गते उद्योग विभाग र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयूक्त आयोजनामा विश्व बौद्धिक सम्पत्ति दिवसको उपलक्षमा आयोजित अन्तरक्रिया कार्यक्रममा यस समाजको तर्फबाट सक्रिय सहभागी जनाई आफ्नो राय पेश गरेको थियो ।

- मिति २०७४/०२/१२ गते होटल माउन्टेन काठमाण्डौमा एक दिवसिय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा होटल एशोसियसन नेपाल, होटल व्यवसायि महासंघ, रेष्टुरेण्ट एण्ड बार एशोसियसन नेपाल र फाष्टफुड एशोसियसन नेपाल, उद्योग वाणिज्य महासंघ र सरोकारवाला संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

MRCSN EST 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner

उक्त कार्यक्रममा गीत संगीतका प्रयोगकर्ता सहभागीहरुले आफूहरु पनि विधि र प्रक्रिया अनुसार रोयल्टी दिन तयार भएको धारणा राख्नुभएको थियो ।

- मिति २०७४ जेठ २३ गते ल्याण्डमार्क होटल, काठमाण्डौमा गीत संगीतका प्रयोगकर्ता रेडियो टेलिभिजनका संचालकहरु र सरोकारवाला संस्थाहरुको प्रतिनिधिहरुको उपस्थितिमा प्रतिलिपि अधिकार एवं रोयल्टी व्यवस्थापन सम्बन्धी कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सहभागि रेडियो र टेलिभिजनका संचालकहरुले विधि र प्रक्रिया अनुसार गीत संगीत प्रयोग भए वापत रोयल्टी दिन आफूहरु तयार भएको धारणा व्यक्त गर्नुभयो ।

- यहि २०७४ असोज ३१ गते सिन्धुलीमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजना र सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको सक्रिय सहभागितामा मोफसलमा रहेका गीत संगीतका प्रयोगकर्ता, सर्जक-स्रष्टा, साहित्यकारहरुको बाक्लो उपस्थितिमा एकदिवसिय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा स्थानिय प्रशासनले गीत संगीत प्रयोग भएवापत रोयल्टी संकलन कार्यमा पूर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

- मिति २०७४/०७/१२ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको र सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको संयूक्त आयोजनामा प्रतिलिपि अधिकार एवं रोयल्टी व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रमको मुख्य उद्देश्य काठमाण्डौ उपत्यकामा रहेका पार्टी प्यालेसका संचालकहरुको छाता संस्थाको प्रतिनिधिहरुलाई रोयल्टी सम्बन्धी जानकारी गराउनु थियो ।

- मिति २०७५/०२/१७ गते बानेश्वर व्यान्क्वेटमा नेपाल प्रतिलिपि अधिकार र ३ वटै रोयल्टी संस्थाहरुको आयोजनामा डाटा नखुली प्राप्त भएको रोयल्टी रकमलाई कुन तरिकाले वितरण गर्ने भन्ने उद्देश्य रहेको उक्त कार्यक्रममा सहभागि विभिन्न संघ संस्थाका प्रतिनिधि र सहभागिले रोयल्टी वितरण प्रकृया सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभयो ।

- मिति २०७५/०३/१६ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल, प्रस्तोता समाज नेपाल र संगीत उत्पादक समाज नेपालको संयुक्त आयोजनामा डाटा नखुली प्राप्त रोयल्टी रकमलाई वितरण गर्ने कार्य सहजताको लागी पूर्व भएका छलफललाई अझ परिस्कृत र परिमार्जित गर्ने उद्देश्यले सिन्धुपाल्चोक जिल्लाको सुकुटेमा एक दिवसिय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सहभागी सबैले समय सापेक्ष तरिकाले रोयल्टी वितरण मापदण्ड बनाउनु पर्ने धारणा राख्नुभयो ।

- देश संघिय संरचनामा गइसकेको, प्रदेश र स्थानिय स्तरमा कानुन बनाई आफ्नो कार्य गर्न पाउने व्यवस्था रहेको हुँदा त्यसले रोयल्टी संकलन कार्यलाई प्रत्यक्ष असर पार्ने देखिएको हुँदा तत्तत प्रदेश र क्षेत्रका कानुन र नियमावलीमा गीत संगीत प्रयोग गरे वापत अनिवार्य रुपमा रोयल्टी तिर्नुपर्ने व्यवस्था समावेश गर्ने उद्देश्य राखी निम्न प्रदेशहरुमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

क) गण्डकी प्रदेश, कास्की, पोखरा - २०७५/०८/२६
ख) ३ नम्बर प्रदेश, हेटौंडा - २०७५/०८/२८
ग) १ नम्बर प्रदेश, विराटनगर - २०७५/०९/०८
घ) २ नम्बर प्रदेश, जनकपुर - २०७५/०९/०९
ङ) कर्णाली प्रदेश, सुर्खेत - २०७५/०९/११

माथि उल्लेखित कार्यक्रमहरु नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल, प्रस्तोता समाज नेपाल र संगीत उत्पादक समाज नेपालको संयुक्त आयोजनामा सम्बन्धित प्रदेशका मुख्यमन्त्री, माननिय मन्त्रीहरु, सभासदहरु, सरकारी निकायका उच्च पदस्थ कर्मचारीहरु, बुद्धिजिवी र सर्जक कलाकारहरुको उपस्थिति थियो ।

उक्त कार्यक्रममा प्रदेश सरकारका उच्च पदस्थ अधिकारीहरुबाट संगीत सार्वजनिक रुपमा प्रयोग गरे वापत अनिवार्य रुपमा रोयल्टी तिर्नुपर्ने प्रावधान कानुन, नियमावली र निर्देशिकामा राख्न पूर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको कुरा सम्मानित सभामा अवगत गराउँदछु ।

MRCON EST 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner

- २०७३/११/२५ मा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले आयोजना गरेको traditional cultural expression सम्बन्धी अन्तरक्रिया कार्यक्रममा यस समाजका सक्रिय सहभागिता रह्यो ।

५) **छलफल कार्यक्रम:** २०७४/०७/२८ गते नेपालमा संचालित एफ.एम./रेडियोहरुले गीत संगीत सार्वजनिक रुपमा प्रयोग गरे वापत व्यवस्थित तरिकाले रोयल्टीको दायरामा ल्याउन त्यस सँग संबन्धित संस्थाहरु रेडियो ब्रोडकाष्टिङ्ग एशोसियसन, सामुदायिक रेडियो प्रशारक संघ र उपत्यका रेडियो ब्रोडकाष्टर फोरम, मिडिया सोसाइटीका प्रतिनिधिहरु र सम्बन्धित सरोकारवाला संस्थाका प्रतिनिधिहरु बिच छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा सहभागि रेडियोका प्रतिनिधिहरुले सम्पूर्ण रेडियोहरु गीत संगीत प्रयोग भएवापत रोयल्टीको दायरामा आउन तयार रहेको धारणा राख्नुभयो भने त्यसको लागि आवश्यक पूर्व तयारी गरी अगाडी बढ्नुपर्ने र आगामी मंसीर २९ गते पून: बैठक बसी निष्कर्शमा पुग्ने निर्णय गरियो ।

राष्ट्रिय योजना आयोगका माननिय सदस्यज्यूहरुको उपस्थितिमा आगामी पन्चवर्षिय योजनामा प्रतिलिपि अधिकार र रोयल्टी व्यवस्थापनलाई कसरी व्यवस्थित गर्न सकिन्छ र योजनामा कसरी समावेश गर्न सकिन्छ भनी महत्वपूर्ण छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा माननिय सदस्य ज्यूहरुबाट प्रतिलिपि अधिकार र रोयल्टी व्यवस्थापनलाई योजनामा समावेश गर्न पूर्ण रुपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको व्यहोरा सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

६) **रोयल्टी वितरण कार्यक्रम:**

- मिति २०७३/१२/०४ गते एनसेल प्रा.लि. मा RBT Download भएवापत जुलाई देखि अक्टोबर २०१६ सम्मको प्राप्त रोयल्टी रकम नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलज्यूको प्रमुख आतिथ्यतामा वितरण गरियो । साठी जना गीतकार र संगीतकारलाई १३ लाख रुपैंया रोयल्टी वितरण गरिएको थियो ।

- मिति २०७४/०८/०२ गते एक समारोह विच एनसेल बाट डिसेम्बर २०१६ देखि जुलाई २०१७ सम्म प्राप्त रोयल्टी ३९ जना स्रष्टाहरुलाई वितरण गर्ने कार्य सम्पन्न भयो ।

- यस समाजको एघारौं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०७५/०२/२५ गते समाजको कार्यालय अनामनगरमा एनसेलबाट जुलाई २०१७ देखि डिसेम्बर २०१७ सम्म प्राप्त PRBT रोयल्टी २९ जना गीतकार र संगीतकारलाई तत्कालीन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देलले वितरण गर्नुभयो ।

- एनसेल प्रा.लि. बाट जनवरी २०१८ देखि जुन २०१८ सम्म PRBT डाउनलोड भएवापत प्राप्त रोयल्टी रकम सम्बन्धित सर्जकलाई कार्यलयमा बोलाई बितरण गरेको व्यहोरा जानकारी गराउँछु र यो क्रम निरन्तर रुपमा जारी रहिरहने विश्वास सम्मानित सभामा दिलाउन चाहन्छु ।

७) **रक्तदान कार्यक्रम:** सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको स्थापना दिवसको अवसरमा यहि मिति २०७४/०२/२५ गते विहान १० बजे देखि २ बजे सम्म नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौमा रक्तदान कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा ४० जना महानुभावहरुले रक्तदान गर्नुभएको थियो ।

८) **मिति २०७४ कात्तिक ८ गते बसेको बैठकको निर्णानुसार PRBT** रोयल्टी वितरणलाई व्यवस्थित गर्न कार्यसमितिका सदस्य श्री शशि शर्मा मजगैंया, पार्टी प्यालेसबाट रोयल्टी संकलनलाई व्यवस्थित गर्न कार्यसमितिका सदस्य श्रीकृष्ण बम मल्ल र मेला, महोत्सव, कन्सर्ट र त्यस्तै प्रकृतिका अन्य कार्यक्रमबाट रोयल्टी संकलनलाई व्यवस्थित गर्न कार्यसमिति सदस्य श्री पि.एन. सापकोटालाई संयोजक चयन गरिएको कुरा यहाँहरुलाई जानकारी गराउँदछु । यसै सन्दर्भमा एनसेल प्रा.लि.ले गीतकार/संगीतकारको डाटा उपलब्ध नगराउँदा पनि गठित उपसमितिको पहलबाट डिसेम्बर २०१६ देखि जुलाई २०१७ सम्मको PRBT रोयल्टी यस भव्य समारोहका बिच सर्वाधिक रोयल्टी प्राप्त गर्न सफल सय गीतका गीतकार र संगीतकारलाई रोयल्टी वितरण गरेको व्यहोरा यहाँहरुलाई जानकारी गराउँदछु ।

९) **स्रष्टाको रोयल्टी** वितरणलाई व्यवस्थित तथा पारदर्शी बनाउन सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल को अगुवाइमा अन्य दुई CMO सँग सहकार्य गरी एक सफ्टवेयर निर्माणको प्रकृया अगाडी बढेको पनि जानकारी गराउँदछु ।

MRCSN
EST 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner

**१०) यातायातबाट रोयल्टी:** धेरै समयको अथक प्रयास र सम्बन्धित निकायको सहकार्यमा सार्वजनिक यातायातबाट गीत संगीतको रोयल्टी संकलन कार्य मिति २०७४/१२/१९ देखि देश भरी रहेका ३० वटा यातायात व्यवस्था तथा सेवा कार्यालय रहेका ठाउँमा आवश्यक व्यवस्थापन गरि रोयल्टी संकलन कार्य सुचारु भएको व्यहोरा सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

**११) जग्गा खरिद कार्य सम्पन्न:** गीत संगीत सार्वजनिक रुपमा प्रयोग भए वापत सम्बन्धित सरोकारवालाहरु सँग रोयल्टी संकलन गरी वितरण गर्ने उद्देश्यले स्थापित रोयल्टी संस्थाहरुले एउटै छानामुनी रहि रोयल्टी व्यवस्थापनमा सहजता सहजता आई छिटो छरितो हुन सकोस भन्ने उद्देश्य राखि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मंत्रालयले तिनवटै रोयल्टी संस्थाको स्वामित्वमा रहने गरी जग्गा खरिद गर्न साठी लाख रुपैंया रकम निकासा गरेको र निकासा गरेको रकम अनुसार चन्द्रागिरी नगरपालिका, थानकोट स्थित आठ आना जग्गा खरिद गरेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।

**१२) रेडियो सँग लाइसेन्सिङ्ग प्रक्रिया सुरुवात:** नेपालभर रहेका सबै रेडियोहरुलाई गीत संगीत प्रयोग गरे वापत रोयल्टीको दायरामा ल्याउन विभिन्न समयमा सम्बन्धित रेडियोका छाता संगठनको प्रतिनिधिहरु सँग छलफल गरि निश्कर्षमा पुगी माननिय सूचना तथा संचार प्रविधि मन्त्री गोकुल वास्कोटाको रोहवरमा सबै रेडियोका छाता संस्थाका प्रतिनिधिहरु सँग MOU सम्पन्न गरेको व्यहोरा सभा समक्ष अवगत गराउँछु । त्यसको फलस्वरुप झण्डै १०० रेडियोहरु रोयल्टीको दायरामा आएको कुरा जानकारी गराउन चाहन्छु ।

**१३) तालिममा सहभागि:** यस समाजका प्रमुख व्यवस्थापक मिनाक्षी कोइराला नोभेम्बर २४, २०१८ देखि १४ डिसेम्बर २०१८ सम्म विश्व बौद्धिक सम्पत्ति संस्था WIPO, SWEDISH patent and Ragistration (PRV) र SWEDISH International Development Ajency (SIDA) को संयूक्त आयोजनामा भएको Intelectual Property for least develop contries का प्रतिनिधिहरु सहभागि भएको तालिम कार्यक्रममा सहभागि हुनुभयो । उक्त तालिम प्रतिलिपि अधिकार व्यवस्थापनको विषयमा हाल सम्म भएका गतिविधि र डिजिटल बजारमा आएको चुनौतिलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल गर्नुभएको थियो । उक्त तालिममा सहभागि हुने अवसर पाउँदा समाजले पनि त्यस्तै गतिविधिलाई अगाडी बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

**१४) Follow up कार्यक्रम:** विभिन्न प्रदेशहरुमा रोयल्टी संकलन कार्यलाई व्यवस्थित गर्न तत्तत क्षेत्रको ऐन र नियमावलीमा समावेश गर्न पूर्व भएका कार्यक्रमहरुमा गरेका प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न यस समाजका अध्यक्ष सुरेश चन्द्र अधिकारीको संयोजकत्वमा तिन वटै रोयल्टी संस्थाको सक्रियतामा प्रदेशका उच्च तहका अधिकारीहरु सँग समन्वय गरी आफ्नो धारणा पेश गरेको व्यहोरा सभा समक्ष जानकारी गराउँछु । जसको फलस्वरुप अधिकारीहरु बाट सकारात्मक संकेतहरु देखाउनुभएको समेत अनुरोध गर्दछु । साथै मुख्य मन्त्री, मन्त्री ज्यू र माननिय ज्यूहरुबाट पूर्ण सहयोग प्राप्त हुने प्रतिवद्धता रहेको जानकारी गराउन चाहन्छु ।

**१५) अध्ययन भ्रमण:** विश्व बौद्धिक सम्पत्ति संस्था(WIPO), जापानिज कपिराइट अफिस (JCO), जापानको रोयल्टी संस्था JASRAC र प्रस्तोताको संस्था (CPRA) को संयूक्त आयोजनामा २०७५ माघ ७ गते देखि २०७५ माघ १२ गते सम्म जापानको राजधानी टोकियोमा भएको अध्ययन भ्रमण मा यस समाजका महासचिवले सहभागि जनाउनुभएको थियो । उक्त अध्ययन भ्रमण गर्दा विकसित देशहरुमा विकास भएको रोयल्टी व्यवस्थापनलाई अवलोकन गरी आगामी दिनमा यस समाजमा पनि अवलम्बन गर्न टेवा मिल्ने विश्वास गरिएको छ ।

**१६) ISWC(International Standerd Musical Works Code) लिने सम्बन्धमा:** CISAC ले हालै सार्वजनिक गरेको तथ्यांक अनुसार ५ वर्षको अवधिमा Digital Market मा गीत संगीतको व्यापार १६४% ले बृद्धि भएको छ । समाजले CISAC ले उपलब्ध गराउने ISWC(International Standerd Musical Works Code) लिनको लागि आवश्यक पहल कदमी अन्तिम चरणमा पुगेको र आगामी दिनमा Digital Market बाट नेपाली स्रष्टा सर्जक लाभान्वित हुने व्यहोरा जानकारी गराउन पाउँदा गौरवान्वित महसुस गरेको छु ।

MRCON
EST 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner

**यस समाजमा भएका अन्य कार्यहरु :-**

- रोयल्टी वितरण कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन WIPO बाट प्राप्त WIPOCOS Software प्रयोगमा ल्याई कार्यान्वयन भइरहेको छ ।
- रोयल्टी वितरण कार्यलाई पारदर्शी तथा सहज बनाउन स्वचालित रुपमा क्यूसिट तयार हुने सफ्टवेयर विकास गर्ने प्रारम्भिक कार्य सम्पन्न गरी रोयल्टी वितरण कार्य सहज बनाउन मद्दत पुग्नेछ ।
- विभिन्न समयमा गीत संगीतका सरोकारवाला पक्षहरुसँग रोयल्टी संकलनको लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम निरन्तर रुपमा गरियो ।

**समस्या तथा चुनौती :** नेपालमा प्रतिलिपि अधिकार र रोयल्टी संकलन तथा वितरणमा पर्याप्त जनचेतनाको अभाव र यस विषयको चेतना भएकाहरु समेतमा संगीत रोयल्टी तिर्ने स्वत: स्फूर्त भावना नभएको हुँदा हालको अवस्थामा सम्बन्धित गीत संगीतका प्रयोगकर्ताहरु सँग रोयल्टी संकलन गरी वितरण गर्नु आफैमा चुनौती पूर्ण कार्य हो । त्यसमाथि संकलित रकमलाई वितरण गर्न अत्यावश्यक डाटा दुरुस्त प्राप्त नहुनुले हाम्रा चुनौतीहरुलाई अझ दुगुना बढाइरहेका छन् र यसको समाधानका लागि निरन्तर प्रयासहरु भइरहेका छन् ।

**क) कार्यालय व्यवस्थापन :** रोयल्टी संकलन कार्य पूर्ण रुपमा नभइसकेको र यसको आम्दानीको मुख्य श्रोत संकलित रोयल्टी रकमबाट हुने हुँदा कार्यालय व्यवस्थापनको लागि आर्थिक अभाव टड्कारो रुपमा देखिएको छ । हाल यस समाज सञ्चालनको लागि नर्वेजियन संस्था नर्कोड(NORCODE)बाट अफिस व्यवस्थापनको लागि आर्थिक सहयोग उपलब्ध गराइरहेकोमा अबका दिनहरुमा उक्त संस्थाबाट सहयोग निरन्तर रुपमा जारी रहने अवस्था नरहेको हुँदा सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको कार्यालय व्यवस्थापनमा ठूलो समस्या उत्पन्न हुन सक्ने अवस्था देखिएको व्यहोरा सम्मानित सभा समक्ष अवगत गराउँदछु । तसर्थ रोयल्टी संकलन कार्यलाई तिव्रता दिन मौजुदा कार्यसमिति अझै सशक्त रुपमा लागि परिरहेको र निर्वाचित सिंगो समिति पनि दत्तचित्त भएर लाग्नेछ भन्ने विश्वास गरेको छु ।

**हाम्रा भावि कार्यक्रमहरु :**

१) गीत संगीत सार्वजनिक रुपमा प्रयोग भए वापत रोयल्टी संकलन कार्यलाई अनिवार्य रुपमा प्रदेश सरकारको प्रत्यक्ष हस्तक्षेपकारी भूमिकालाई पूर्ण कार्यान्वयन गराउने दिशामा निरन्तर लागि पर्दै संशोधन गर्न आवश्यक सम्पूर्ण ऐन, नियम र निर्देशिकाहरुको आवश्यक संशोधनलाई पूर्ण नगरे सम्म हाम्रो अभियान जारी रहनेछ ।

२) रोयल्टी सम्झौता गरी रोयल्टी तिर्ने निकायहरुलाई रोयल्टी तिर्न सहज वातावरण बनाउन अत्यावश्यकिय प्राविधिक एवं व्यबस्थापकिय पूर्वाधारहरुको बिकासमा विशेष जोड दिइनेछ ।

३) रोयल्टी संकलनका नयाँ क्षेत्रहरुको पहिचान गर्दै उनिहरुलाई रोयल्टीको दायरामा ल्याउन गरिरहेको प्रयासलाई निरन्तरता दिइनेछ ।

४) सदस्यता अभिबृद्धि गरी धेरै भन्दा धेरै स्रष्टा लाभान्वित हुने प्रक्रियालाई जारी राखिनेछ ।

५) संकलित रोयल्टी रकमलाई वितरण गर्न आवश्यक प्राविधिक पूर्वाधारहरुको बिकासमा तिव्रता ल्याइनेछ ।

६) नविन प्रविधिलाई उपयोग गर्दै सबै संगीतका सार्वजनिक प्रयोगकर्ताहरुलाई आवश्यक पर्ने र रोयल्टी वितरणलाई अत्यावश्यक डाटा प्रणाली समेत प्राप्त गर्न सहज हुने तवरले अरु दुई सिएमओको सहकार्यमा सेन्ट्रल सर्भरको निर्माण प्रक्रियालाई सुरु गरिनेछ ।

७) संगीत रोयल्टीका लागि स्थापित प्रस्तोता समाज नेपाल र संगीत उत्पादक समाज नेपालका अतिरिक्त यस क्षेत्र सँग सम्बद्ध अन्य संघ संस्थाहरु सँगको सहकार्यलाई अझ सशक्त बनाउँदै सबैको अधिकारलाई स्थापित गर्न संयूक्त पहललाई निरन्तरता दिइनेछ ।

८) यस संस्थाको सदस्य ज्यूहरुको सामुहिक तथा संस्थागत हितको निमित्त आदरणिय सदस्य ज्यूहरुले दिनहुने रचनात्मक सुझावलाई कार्यान्वयन गर्न सदैव तत्पर रहनेछौं ।

MRCSN
EST 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner

**अन्त्यमा :** सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको उन्नति प्रगतिको लागि समस्त स्रष्टा, प्रयोगकर्ता, शुभेच्छुकले देखाउनु भएको सद्भाव एवं उत्साहको लागि यस समाज हार्दिक आभार व्यक्त गर्दछ । हामिलाई हाम्रा अभियानमा सक्रिय साथ दिनुहुने प्रस्तोता समाज नेपाल, संगीत उत्पादक समाज नेपाल, नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज (CPSN), गीतकार संघ नेपाल, संगीतकार संघ नेपाल, नेपाल संगीत उद्योग संघ, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, केन्द्रिय समिति, नेपाल सांगितिक संघ, राष्ट्रिय कला संगीतकर्मि संघ, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, उपत्यका समन्वय समिति लगायत माननिय मन्त्री श्री रविन्द्र अधिकारी ज्यू, संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मंत्रालय, विभिन्न प्रदेशका माननिय मुख्य मन्त्रीज्यूहरु, मन्त्रीज्यूहरु, सभासद, प्रमुख सचिव, सचिवज्यूहरु, संगीत रोयल्टी निर्देशन तथा अनुगमन समितिका संयोजक संस्कृति पर्यटन तथा नागरिक उड्डयन मंत्रालयका सह सचिव श्रीमान् भरत मणि सुवेदी ज्यू, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री प्रकाश आचार्य ज्यू र पूर्व रजिष्ट्रार ज्यूहरु, सबै सञ्चार माध्यम लगायत राज्यका निकायमा प्रतिलिपि अधिकारलाई स्थापित गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरुमा हामि सदैव आभारी रहनेछौं । हामि सँग साथ रहेर हामिलाई हमेसा मार्गदर्शन दिनुहुने हाम्रा पूर्व अध्यक्ष ज्यूहरु एवं पदाधिकारी ज्यूहरु एवं वरिष्ठ स्रष्टा सर्जक हाम्रा अभिभावकहरुको अतुलनिय योगदान हाम्रो लागि सदैव उदाहरणिय रहनेछ । साथै, आगामी दिनहरुमा समाजले थालेको कार्यलाई हातेमालो गर्दै सफलता प्राप्त गर्न भविष्यमा समेत सबैको सहयोग जारी रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

महेश कुमार खड्का
महासचिव

MRCSN
EST 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

धन्यवाद
२०७५/१०/२५
काठमाडौं

Scanned with CamScanner